नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(पिलर १)

फोनः ०१-४५११७७६
Ext: १५
फ्याक्स : ०१-४४१४३९१
पो.ब.नं.४०७
लाजिम्पाट, काठमाडौं

पत्र संख्या: २०७९/०८० च.नं. मिति: २०८०/१२/०४ गते।
प्रा.प.सं. : ने.स. चिल्लाथ्व,८ आईतबार

### प्रेस विज्ञप्ति-३४

**"धारिलो हतियार प्रयोग गरी हजुरबुवा र नातीको हत्या गर्ने व्यक्तिहरु पक्राउ"**

मिति २०८०/११/०१ गते बिहान ०५:५५ बजेको समयमा जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सुस्ता गा.पा.वडा नं. ३ मर्चहवा स्थितमा गण्डक बाँधको जग्गामा कुटि बनाई बसेका वर्ष ७० को अक्षयलाल चमार र निजको नाति वर्ष १२ को गौचरण चमारलाई धारिलो हतियार प्रयोग गरी हत्या गरिएको घटनामा अनुसन्धानको लागि यस ब्यूरोबाट जिल्ला प्रहरी कार्यालय नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम) मा खटिई गई जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) र ईलाका प्रहरी कार्यालय बेलाटारी समेतको संयुक्त टोलिले सो घटनाको अनुसन्धान गरि सो घटनामा संलग्न ब्यक्तिहरुलाई मिति २०८०/१२/०३ गते पक्राउ कानूनी कारवाहीको लागि ईलाका प्रहरी कार्यालय बेलाटारी, नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम) मा बुझाईएको ।

**पक्राउ व्यक्तिहरुको विवरण**



१. नाम थर: **अजय कुमार धरिकार**
उमेर: २९ बर्ष
ठेगाना: जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सुस्ता गा.पा.वडा नं. ३ मर्चहवा
पक्राउ मिति/स्थान : (२०८०/१२/०३ गते)
जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सुस्ता गा.पा.वडा नं. ३ मर्चहवा



२. नाम थर: **चन्दन हरिजन**
उमेर: २० बर्ष
ठेगाना: जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सुस्ता गा.पा.वडा नं. ३ मर्चहवा
पक्राउ मिति/स्थान : (२०८०/१२/०३ गते)
जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) सुस्ता गा.पा.वडा नं. ३ मर्चहवा

**बरामद दशि : (प्रतिबादी अजय कुमार धरिकारको घरबाट बरामद)**

१. घटनामा प्रयोग गरेको चक्कु थान – १
२. घटनास्थलमा फेला परेको हाप पन्जाको अर्को जोडी पन्जा थान -१
३. प्रतिबादी अजय कुमार धरिकारले घटनामा लगाएको हुडी थान -१
४. प्रतिबादी अजय धरिकारले घटनाको समयमा लगाएको दायाँ हातको चोरी औंलाको भागमा २ ठाउँमा काटिएको पन्जा थान १

**हत्याको कारण:**

- ✓ मिति २०८०।१०।२६ गते चन्दन हरिजनले मा.प.से गरी सुस्ता गा.पा.वडा नं. ३ मर्चहवा बस्ने छिमेकीको मोटरसाईकलमा हानेपछी झगडा परेकोले ईलाका प्रहरी कार्यालय बेलाटारीमा निवेदन दिएको ।
- ✓ सो बिषयमा मिति २०८०।१०।२८ गते ईलाका प्रहरी कार्यालय बेलाटारीमा दुई पक्षलाई झिकाई छलफल भइको ।
- ✓ सोही विषयमा रिसईवी राखी निज विपक्षीसंग बदला लिने योजना बनाई त्रिवेणी नाहन मेलाको मौका पारी निज चन्दन हरिजनको साथी अजय धरिकारले भारतबाट चक्कु खरिद गरी ल्याएको ।
- ✓ भोलिपल्ट मिति २०८०/१०/२९ गते बेलुकी अक्षयलाल चमारको घर नजिक गई झगडा भएको छिमेकीलाई कुरेर बसेकोमा सो समयमा निजहरु नआएपछि योजना परिवर्तन गरी सोही स्थानमा बस्ने गरेका अक्षयलाल चमारलाई मारेमा त्यसको आरोप बिपक्षीलाई लगाउन सकिन्छ भन्ने मनसायले घटना घटाएको र संगै सुतेको नातिले देखेपछी निजले प्रतिवादीहरुलाई चिनेको हुदा निजको समेत हत्या गरेको खुल्न आएको ।


**प्रवक्ता तथा सूचना अधिकारी**
**(होबिन्द्र बोगटी)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क: ९८५१२८१३४१**